नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई

visit nepal 2020 Lifetime Experiences

प.सं.:

च.नं.:

मिति:.......................

## कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति:-२०७८/०९/१८

सूचना नं: १९

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाई, गुल्मीको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तपशिल बमोजिमका कार्यक्रमहरु संचालनका लागि मकै जोन क्षेत्रका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमी सूचिकृत भई सूचना प्रकाशन भएको मितिले ७ दिन (सात) भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ। साथै आवेदन प्रस्ताव फारम परियोजना कार्यान्वयन एकाई, गुल्मी वा सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ। म्याद भित्र प्राप्त भएका आवेदन प्रस्तावहरुको छनौट परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले तोके बमोजिम हुने कुरा जानकारी गराइन्छ।

तपशिल:

| सि.नं | कार्यक्रम/कियाकलाप | परियोजनाबाट व्यहोर्ने अनुदान प्रतिशत | वार्षिक लक्ष्य | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रिकरण सहयोग कार्यक्रम | बढिमा ५०% | १ पटक | नया मकै जोन क्षेत्र | व्यवसायिक उत्पादन गरेको तथा समूहमा व्यवस्थापन गरी प्रयोग गर्ने प्रतिवद्धता गरेको हुनु पर्ने। |
| २ | सिंचाई पुर्वाधार निर्माण कार्यक्रम | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | २५ वटा | नया मकै जोन क्षेत्र | सिंचाईका साना अति संवेदशील क्षेत्रलाई सुधार गरी सिंचित क्षेत्र बिस्तार गर्ने समूह/सहकारी तथा नीजि उद्यमीले प्रतिवद्धता पेश गर्नु पर्ने। |
| ३ | मकै क्षेत्रफल विस्तार कार्यक्रम | बढिमा ५०% | ३० हे. | नयाँ मकै जोन क्षेत्र | समुह/सहकारीको हकमा कम्तिमा १५० रोपनी क्षेत्रफल र नीजि उद्यमीको हकमा कम्तिमा १० रोपनी क्षेत्रफल हुनु पर्ने। |

**प्रस्तावका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:**

१) रु.१० को टिकट टाँस गरि निवेदन।

२) परियोजना कार्यान्वयन इकाईले तयार गरेकोरित पूर्वक भरेको आवेदन फारम।

३) कृषक समुह/कृषि फर्म/ कम्पनी /कृषि उद्यमी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।

४) लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता र स्थायी लेखा नंबर प्रमाणपत्रको प्रतिलिपि।

५) कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीको प्रमुख वा अध्यक्ष र निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

६) कार्यक्रम माग सम्बन्धी बैठकको निर्णयको प्रतिलिपी।

७) सम्बन्धित स्थानीय तहको वडाको सिफारिस।

.............................

**श्रीकृष्ण न्यौपाने**

**नि.वरिष्ठ कृषि अधिकृत**



फोन: ०७९-५२०८६७, E-mail: pmamp.piu.gulmi@gmail.com, Web: piugulmi